/

# बैठक-४८

आज मिति २०७६/१०/२० गते विहान ८ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राधेश्याम चौधरी | अध्यक्ष | |
| २. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| ३. | भेषनारायण चौधरी | वडाध्यक्ष वार्ड १ | |
| ४. | शम्भु प्रसाद चौधरी | वडाध्यक्ष वार्ड २ | |
| ५. | अणेन्द्रनाथ राय | वडाध्यक्ष वार्ड ३ | |
| ६. | ~~छोटेलाल यादव~~ सूर्यनारायण यादव | ~~वडाध्यक्ष वार्ड ४~~ का.वा. वडाध्यक्ष वार्ड-४ | |
| ७. | दिनेश सहानी | वडाध्यक्ष वार्ड ५ | |
| ८. | कैलास यादव | वडाध्यक्ष वार्ड ६ | |
| ९. | ह्यात खाँ धुनिया | वडाध्यक्ष वार्ड ७ | |
| १०. | छिमादेबी चौधरी | सदस्य | |
| ११. | चन्दादेवी चौधरी | " | |
| १२. | जन्त्री केवटिन | " | जन्त्री |
| १३. | विन्दादेवी धोवी | " | बिन्दा |
| १४. | जोखु प्रसाद कहार | " | |
| १५. | श्री सुनिता हरिजन | " | सुनिता |
| १६. | श्री बुध्द प्रकाश पौडेल | प्र.प्र.अ | |
| १७. | नारायण पाण्डेय | आमन्त्रित | |
| १८. | तुल्सी प्रसाद अधिकारी | " | |
| १९. | नरेश कोहार | " | |
| २०. | राजन वस्याल | " | |
| २१. | दशाकान्त बस्याल | " | |
| २२. | हेमनाथ ज्ञवाली | | |
| २३. | | | |

## प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं १-प्रमुख प्रशासकिय अधिकृत स्वागत सम्वन्धमा**

**निर्णय नं. १-** प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सारावल गाउपालिकामा साविकदेखी रहनुभएको प्रमुख प्रशासकिय अधिकृत झविश्वर रेग्मीको सरुवा भएपश्चात उक्त स्थानमा प्रमुख प्रशासकिय अधिकृतको रुपमा कामकाजमा खटिई आउनुभएको वुध्द प्रकाश पौडेललाई यस सरावल गाउपालिका वैठकमामा एक कार्यक्रमका विच स्वागत गरियो ।

**प्रस्ताव नं. २ - एम्वुलेन्स सन्चालन कार्यविधि स्विकृति सम्वन्धमा**

**निर्णय नं. २** -सरावल गाउपालिकाको एम्वुलेन्स सञ्चालन कार्यविधि-२०७६ वैठकमा जानकारी गराईयो ।सोउपर छलफल गरी कार्यविधि स्विकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ - अमिन सञ्चालन सम्वन्धमा**

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस सरावल गाउपालिकामा अमिनको नियुक्ती भईसकेको सन्दर्भमा निजले गरेको कार्यको राजश्वस्वरुप रु १२०० राजश्व संकलन गर्ने निर्णय गरियो । एकै व्यक्तीको २ भन्दा वढि किता नापजाच गर्नुपर्ने भए ३ कितासम्मको रु १२०० र सोभन्दा वढि भएमा प्रतितिनकिता रु १२०० का दरले थप राजश्व संकलन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ - आर्थिक सहायता कार्यविधी निर्माण गर्ने सम्वन्धमा**

**निर्णय नं. ४** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा सरावल गाउपालिकाको आर्थिक सहायता कार्यविधी निर्माण गरी विपन्न एवं विभीन्न आर्थिक सहायतामा हुने आर्थिक सहयोग व्यवस्थित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ - वालमैत्री गा.पा निर्माण तयारी सम्वन्धमा**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा सरावल गाउपालिकालाई वालमैत्री गाउँपालिका निर्माण गर्नका निमित्त तयारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ - सहकारी सञ्जाल गठन सम्वन्धमा**

**निर्णय नं. ६** - प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस सरावल गाउपालिका भित्रका सम्पुर्ण सहकारीका प्रतिनिधीहरुको एक भेला गरी सहकारी सञ्जाल गठन गर्ने र सहकारीहरुको सहि मार्गदर्शन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ - संघ/संस्था/समुह नविकरण एवं रसिद प्रतिलिपी वापतको राजश्व सम्वन्धमा**

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस सरावल गाउपालिकामा दर्ता भएका संघ /संस्था /समुह हरु मध्ये म्याद नविकरण गर्ने म्याद गुज्रिएका संघ/संस्था/समुहको नविकरण गर्दा म्याद गुज्रिएको ३५ दिनसम्म साविककै दररेट र ३६ दिनवाट आर्थिक वर्षभरी २५% थप र आर्थिक वर्ष कटेको भए ५०% थप दस्तुर जरिवानास्वरुप अशुल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ - रेडक्रस भवन निर्माणको लागी जग्गा हस्तान्तरण सम्वन्धमा**

**निर्णय नं. ८** - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस सरावल गाउपालिका वार्ड नं. ३ मा रहेको नेपाल रेडक्रस सोसाईटी वालपुरी उपशाखाको भवन निर्माणको लागी सरावल गा.पाको पाचौ गाउसभावाट वजेट विनियोजन भएकोमा भवन निर्माणको लागि सरावल-३ भिमटाडीमा रहेको रंगशाला संगैको सार्वजनिक जग्गा हस्तान्तरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ अध्यक्षकप फुटवल प्रतियोगिता सञ्चालनको लागी पेश्की सम्वन्धमा**

**निर्णय नं. ९** - प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको अध्यक्षकप फुटवल प्रतियोगिता सरावल गाउपालिकाको अध्यक्षकप फुटवल प्रतियोगिता सरावल-२ मनरीमा सञ्चालन भईरहेको र सोको फाइनल कार्यक्रमलाई भव्य रुपमा सञ्चालन गर्न सास्कृतिक कार्यक्रम समेत सञ्चालन गर्न उपयुक्त हुने र सास्कृतिक कार्यक्रमको लागी थारु ग्लोवल मंच नवलपरासीलाई आग्रह गरी निजहरुले सञ्चालन गर्दै आईरहेको थारु गायन तथा नृत्य प्रतियोगिताको फाईनल राउण्ड आयोजना स्थलमै आयोजना गर्न सके केन्द्रिय सरकारको भ्रमण वर्ष मनाउने नितिअनुरुप सरावल गाउपालिकाको पुरातत्विक एवं सास्कृतिक क्षेत्र कोलवृक्षको प्रचार प्रसार हुने ठम्याई साथ अध्यक्ष ज्युको तोकआदेश बमोजिम सास्कृति संरक्षण विशेष कार्यक्रमवाट भुक्तानी हुने गरी स्विकृत भएको रु १५०,००० अनुमोदन गर्ने निर्णय गरियो । साथै खेलकुद संस्थाले रकम अभाव भएको जनाई निवेदन पेश गर्नुभएकोमा निजहरुलाई पेश्कीस्वरुप रु ५५०,००० (अक्षरुपी रु पाच लाख पचास हजार मात्र) भुक्तानी गर्न कार्यालयलाई निदेशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ - आयुर्वेद स्वास्थ्य क्लिनिक सञ्चालन सम्वन्धमा**

**निर्णय नं. ९** - प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस गाउपालिका अन्तर्गत वडा नं. ४ मा एक आयुर्वेदन स्वास्थ्य क्लिनिक सञ्चालन गर्ने निर्णय गरियो ।